आज मिति २०७४ साल कार्तिक १० गते शुक्रवार दिनको १२ बजे शाक्सिराङु गाउँपालिकाका अध्यक्ष श्री राज कुमार मल्ल ज्यूको अध्यक्षतामा, शाक्सिराङु गाउँ कार्यपालिकाको बैठक देहाय पदाधिकारीहरुको सहभागितामा देहायका विषयहरुमा छलफलका लागि बैठक बस्यो।

तपसिल

१. अध्यक्ष श्री राजकुमार मल्ल
२. उपाध्यक्ष श्री निर्मला रिमुङ
३. वडा अध्यक्ष श्री कान्छाराम खम्बा
४. " " श्री सूर्य बहादुर मुक्तान
५. " " श्री बाबुलाल स्याङ्तान
६. " " श्री सञ्जय कोइराला
७. " " श्री चन्द्र सिं पुन
८. " " श्री खिमलाल प्रजा
९. " " श्री कुल बहादुर प्रजा
१०. " " श्री रामकृष्ण प्रजा
११. " " श्री रामकृष्ण पाल्वा घिङ
१२. महिला सदस्य श्री सुकमाया वि.क. डुक
१३. " " श्री गौरीमाया स्याङ्तान गौरी
१४. " " श्री कर्ण कुमारी श्रेष्ठ कर्ण
१५. " " श्री मैना कुमारी गोले मैना

१६. सदस्य श्री सन्त बहादुर प्रजा

१७. " श्री सिमोन विश्वकर्मा

१८. कार्यकारी अधिकृत श्री राजु आलाम

## प्रस्तावहरु

१. आन्तरिक आय श्रोत वृद्धिका लागि ढुंगा, गिट्टी बालुवा तथा अन्य पैदावारबाट आय आर्जन गर्ने सम्बन्धमा ।

२. गाडी भाडामा लिने सम्बन्धमा ।

३. विविध ।

## निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्रका प्राकृतिक श्रोत : ढुंगा, गिट्टी, बालुवा तथा अन्य पैदावारको निकास बढ्दै गएको हुँदा नेपालको संविधान २०७२ को धारा २२८(२) बमोजिम राक्सिराङ्ग गाउँपालिकाको गाउँ सभाबाट पारित भएको आर्थिक सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न वि.व., आर्थिक ऐन २०७४ को दफा १८(२) बमोजिम राजस्व परामर्श समिति र वन वातावरण व्यवस्थापन समितिको संयुक्त बैठकले कर्मचारी तथा क्रव संस्थालाई जिम्मेदार हुने गरी रसिद उपलब्ध गराई आम्दानी एकद्वार प्रणाली मार्फत आम्दानी खातामा जम्मा हुने र नापजाँच फरफारक हुने गरी जिम्मेवारी दिई दण्ड तथा जरिवाना लिने गरी प्राकृतिक श्रोत तर्फको रकम गाउँपालिकामा आम्दानी हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस राक्सिराङ्ग गाउँपालिका तथा गाउँ कार्यपालिका, क्षेत्रगत, योजनाहरु सञ्चालन, अनुगमन निरीक्षण तथा समय समयमा जिल्ला समन्वय समिति, मकवानपुरमा समेत समयानुरुप आवत जावत गर्ने गरी योजना अनुगमन,

CamScanner

सुपरभिजनका लागि गाडी भाडामा लिई कार्य सम्पादन गर्नुपर्ने भएको हुँदा आजको बैठकले आन्तरिक श्रोतबाट खर्च व्यवस्थापन गर्ने गरी निर्णय गरियो ।

१. विविध प्रस्ताव माथि छलफल हुँदा २०८५ साल साउन १६ गते देखि वृद्धवृद्धा भत्ता /सामाजिक सुरक्षा भत्ता २०८४ साल असोज १५ गते भित्र विवरण संकलन तथा आधारभूत कार्य गर्ने निर्णय गरियो साथै आजको बैठक दिनको १२.१५ बजे शुरु गरी १.३० बजे समापन गरियो । –

कार्की

मैना

शुक

गौरी